रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
छहरा, पाल्पा

सूचना नं. १७ (कृषि शाखा)

☎ ०७५ ६९१०२२
०७५ ६९२३४३

मिति : २०७८/११/२६

## पुरानो फलफुल नर्सरी सुदृढीकरण कार्यक्रम सम्बन्धि सूचना !

प्रस्तुत विषयमा यस रैनादेवी छहरा गाउँपालिका आ.व.२०७८/०७९ मा राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत संचालन गरिने पुरानो फलफूल नर्सरी सुदृढीकरण कार्यक्रमका लागि "**प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७८ दफा १५ को पुरानो फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम**" बमोजिम न्यूनतम मापदण्ड पुरा भएका सरकारी निकायमा दर्ता भई फलफूल विशेषका निजि नर्सरी उद्यमी /कृषक /कृषक समूह /सहकारी संस्थाबाट संचालित फलफूल नर्सरीहरुबाट सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजात सहित आवेदन दिनिहुन अनुरोध छ।

**आवश्यक कागजातहरु:**

- निवेदन,
- नर्सरी दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि/स्थायी लेखा न./ कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- समूह सहकारीको हकमा लेखा परिक्षण प्रमाण पत्रको प्रतिलिपि,
- लालपुर्जा प्रमाणपत्रको प्रतिलिपि /लिजमा लिएको जग्गा भएमा १० वर्षको भाडा सम्झौता पत्र समेत,
- नर्सरी सम्बन्धी वा अन्य कुनै कृषि सम्बन्धी तालिम वा अनुभव भएमा सो प्रमाणको प्रतिलिपि,
- कार्ययोजना/प्रतिवद्धता पत्र,
- संचालनमा रहेका फलफूल नर्सरीले गत आ.व.मा विक्री गरेको विरुवाको विवरण आदि।

राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत